# नेपाल आदिवासी जनजाति महासंघ
NEPAL FEDERATION OF INDIGENOUS NATIONALITIES

# न्यूज लेटर NEWS LETTER

अङ्क : ४, भदौ २०६७ Volume: 4 Aug.-Sept. 2010


# विश्व आदिवासी दिवस २०६७ काठमाडौंमा भव्यताका साथ सम्पन्न




कार्यक्रममा सहभागी प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाल, विशेष अतिथि संविधानसभाका सभाध्यक्ष सुवासचन्द्र नेम्वाङ लगायत अन्य अतिथिहरू

विश्व आदिवासी दिवस मूल आयोजक समिति, नेपाल आदिवासी जनजाति महासघको आयोजनामा केन्द्रीयरुपमा २०६७ साउन २४ गते राजधानीमा विश्व आदिवासी दिवस २०६७ भव्यताका साथ सम्पन्न भयो। शहिदगेटबाट शुरु भएको विभिन्न जातीय भेषभुषामा सजिएका विशाल साँस्कृतिक

नेपाल आदिवासी जनजाति महासघको अध्यक्ष राजकुमार लेखी थारुको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा प्रमूख अतिथि सम्माननीय प्रधानमन्त्री माधव कुमार नेपालज्यू र विशेष अतिथिमा संविधानसभाका अध्यक्ष सम्माननीय सुवासचन्द्र नेम्वाङज्यू हुनुहुन्थ्यो ।

**नयाँ सविधान सबै नेपालीले आफ्नो मान्न सक्ने बन्नुपर्नेमा जोड - प्रधानमन्त्री**
**आदिवासी जनजातिको सहभागिता विना नयाँ संविधान बन्न सक्दैन - सभाध्यक्ष**

र्‍यालीले न्युरोडगेट, ईन्द्रचोक, असन, भोटाहिटी, जमल, घण्टाघर परिक्रममा गर्दै प्रज्ञाभवन, कमलादीमा पुगेर सभामा परिणत भएको थियो। विशाल साँस्कृतिक र्‍यालीको क्रममा सहभागिहरूले "जाति, भाषा र एतिहासिक पहिचानको आधारमा राज्यको पुनर्संरचना गर ! आदिवासी जनजाति माथीको विभेद र उत्पीडन अन्त्य गर ! नयाँ सविधानमा आदिवासी जनजातिका अधिकार सुनिश्चित गर !" लगायतका नारालाई जोडसँग घन्काएका थिए ।

प्रमूख अतिथी सम्माननीय प्रधानमन्त्री माधव कुमार नेपालज्यूले - धर्म, भाषा र संस्कृति पृथक भएपनि सबैलाई समान अवसर वर्तमान आवश्यक्ता भएको बताउनु हुदै सबै जातजातिको भावनात्मक एकताबाटै समातामुलक समाज निमार्ण हुन सक्छ, त्यसैले अब बन्ने नयाँ सविधानलाई सबै नेपालीले आफ्नो मान्न सक्ने बनाउनु पर्ने धारणा राख्नुभयो ।

विशेष अतिथि सभाध्यक्ष सम्माननीय सुवासचन्द्र नेम्वाङज्यूले - राजनीतिक दलहरू वीच दुरी




एक महिने अधिकारमुखी आन्दोलनको अन्तर्गत २०६७ साउन ३० गते नेपाल आदिवासी जनजाति महासंघको आव्हानमा **देशव्यापी चक्काजाम र यातायात बन्द** कार्यक्रमलाई सफल बनाउन साउन २९ गते साँझ मशाल जुलुस गरिएको थियो । नेपाल आदिवासी जनजाति महासंघ, जातीय संस्था र सम्बन्धन संस्थाका पदाधिकारीहरू सम्मिलित मशाल जुलुस शान्तिवाटिका रत्नपार्कबाट शुरु भई पुरानो बसपार्क, भद्रकाली, शहिदगेट, एन ए सी, वीर हस्पिटल, जमल, घण्टाघर हुदैं बागबजार जाने मोडमा पुगेर समापन भएको थियो । मशाल जुलुस हुनु भन्दा अगाडी शान्तिवाटिका रत्नपार्कमा भएको कोणसभामा महासंघका अध्यक्ष राज कुमार लेखी थारुसहित जातीय र सम्बन्धन संस्थाका पदाधिकारीहरूले देशव्यापी चक्काजाम र यातायात बन्दको औचित्य र सो बन्दलाई सफल पार्न आम नागरिकहरूलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न अपिल समेत गरेको थियो । ❖






बढ्दै गएको प्रति चिन्ता व्यक्त गर्दै आदिवासी जनजातिको सहभागिता विना नयाँ संविधान बन्न सक्दैन, आदिवासी जनजातिका मुद्दालाई राष्ट्रको मूल अभियानसँग जोडेर लैजानु पर्ने कुरामा जोड दिनु भयो ।

उक्त कार्यक्रममा अन्य अतिथिहरूमा आदिवासी जनजाति सभासद सभा ककसका अध्यक्ष मा.पृथ्वी सुब्बा गुरुङ, ककसका पूर्व अध्यक्ष मा.ईन्द्र बहादुर गुरुङ, आदिवासी जनजाति



आदिवासी जनजाती महिला र्‍यालीमा सहभागी हुँदै

उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष जितपाल किराँत, मा.जिपछिरिङ शेर्पा, मा.लक्की शेर्पा, मा.आङदावा शेर्पा, नेपाल आदिवासी जनजाति महिला महासघको अध्यक्ष चन्द्रकला गुरुङ, नेपाल आदिवासी जनजाति पत्रकार सघको अध्यक्ष मोहनसिंह लामा, नेपाल आदिवासी जनजाति यूवा महासघको अध्यक्ष जगत रेश्मी मगर, आदिवासी जनजाति कानुन व्यवसायी परिषदको अध्यक्ष राम बहादुर थापा, आदिवासी जनजाति कला संस्कृति संञ्जालको अध्यक्ष युवराज लामा, नेपाल आदिवासी जनजाति विद्यार्थी महासघको अध्यक्ष नबिन वनेम लिम्बु, संयुक्त संघर्ष समितिका शेर बहादुर तामाङ, सूचिकरण सघर्ष समितिका संयोजक धिरेन बाहिङ लगायत महासंघसँग आवद्ध जातीय संगठनका अध्यक्षहरू हुनुहुन्थ्यो ।

उक्त कार्यक्रमको उद्घोषक महासंघका महासचिव आङकाजी शेर्पा किसानले र स्वागत मन्तव्य कोषाध्यक्ष डण्डु शेर्पाले गर्नु भएको थियो ।

सभाको अन्तमा मूल समारोह समितिका संयोजक तथा महासंघका अध्यक्ष राजकुमार लेखी थारुले - संविधानसभामा षडयन्त्रपूर्ण तवरले पारित दल त्याग ऐन तत्काल खारेज हुनुपर्ने, राज्य पूनःसंरचना आयोग गठन गर्न नहुने र जाति, भाषा र एतिहासिक पहिचानको आधारमा आत्मनिर्णयको अधिकारसहितको राज्य बनाईनुपर्ने बताउनु भयो । सो सभाले अन्तमा आदिवासी जनजाति अधिकार सम्बन्धी एक बुँदे घोषणा पत्र जारी गरिएको थियो ।



आदिवासी जनजाती खानाको स्वाद लिँदै प्रधानमन्त्री र सभाध्यक्ष

केन्द्रीयरुपमा सम्पन्न उक्त आदिवासी दिवस २०६७ को बीचवीचमा विभिन्न जातीय संगठनका कलाकारहरूले आ-आफ्नो मौलिक साँस्कृतिक कार्यक्रम प्रस्तुत गरी सहभागिहरूलाई मनोरञ्जन दिएको थियो भने कार्यक्रम हलबाहिर विभिन्न जातीय परिकार खानपीनका लागि स्थलहरूको समेत व्यवस्था गरिएको थियो । ❖

## आदिवासी जनजाति महिलाको अधिकारसम्बन्धी वैचारिक तथा सांस्कृतिक कार्यक्रम सम्पन्न

राष्ट्रिय आदिवासी जनजाति महिला महासंघको आयोजनामा विश्व आदिवासी दिवस २०६७ को अवसरमा २०६७ साउन २० गते प्रज्ञाभवन कमलादीमा आदिवासी जनजाति महिलाको अधिकार विषयक **"वैचारिक तथा सांस्कृतिक कार्यक्रम"** सम्पन्न भयो । महिला महासंघका अध्यक्ष चन्द्रकला गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासचिव सोनी लामाले स्वागत मन्तव्य र सचिव टोमा लामाले उद्घोषण गर्नु भएको थियो । राष्ट्रिय महिला आयोगको अध्यक्ष नैनकला थापामगरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा अन्य अतिथिहरू नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष




मा.टासी ल्हाजमो गुरुङसेनी, महासचिव आङकाजी शेर्पा किसान, महासंघका संस्थापक महासचिव मा.सुरेश आलेमगर, निवर्तमान महासचिव मा.राम बहादुर थापा, राष्ट्रिय योजना आयोगको सदस्य प्रा.डा. गणेशमान गुरुङ मा.शान्ति जिरेल लगायत हुनुहुन्थ्यो । सो कार्यक्रममा आदिवासी जनजाति महिलाको अधिकार सम्बन्धी वैचारिक खुराकका साथै आदिवासी जनजातिहरूको मौलिक संस्कृति झल्कने माझी, लिम्बु, सुनवार लगायतका नृत्यले थप मनोरञ्जन समेत दिईएको थियो । ❖



# विश्व आदिवासी दिवस २०६७ को उपलक्ष्यमा जलपान



नेपाल आदिवासी जनजाति महासघको आयोजनामा विश्व आदिवासी दिवस २०६७ को अघिल्लो दिन अर्थात २०६७ भाद्र २३ गते काठमाडौंको बानेश्वरस्थित अनुमोल क्याटरिङमा जलपान तथा शुभकामना कार्यक्रम सम्पन्न भयो । नेपाल आदिवासी जनजाति महासघको अध्यक्ष राजकुमार लेखी थारु लगायत पदाधिकारीहरूले संविधानसभाका अध्यक्ष सम्माननीय सुवासचन्द्र नेम्वाङ, नेकपा एमाले अध्यक्ष झलनाथ खनाल, संविधानसभाका सभासदहरू, नेपाल आदिवासी जनजाति महासंघका वर्तमान तथा पूर्व पदाधिकारीहरू, जातिय संगठन, सम्बन्धन प्राप्त संस्थाहरूको पदाधिकारी लगायत आदिवासी जनजातिका बुद्धिजीवीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागि सबैलाई नेपाल आदिवासी जनजाति महासंघको अध्यक्ष राजकुमार लेखी थारु लगायत पदाधिकारीहरूले स्वागत र शुभकामना दिनु भएको थियो । ❖

## विश्व आदिवासी दिवसको पूर्वसन्ध्यामा दिपावली

नेपाल आदिवासी जनजाति महासघको आयोजनामा विश्व आदिवासी दिवस २०६७ को पूर्वसन्ध्या अर्थात २०६७ साउन २३ गते राजधानीको माईतिघर मण्डलामा नेपालमा दिगो शान्ति, संविधान निर्माणको सुनिश्चितता, राष्ट्रिय एकता र विश्व आदिवासी दिवस २०६७ को सफलताको कामना गर्दै साँझ मैनवती बालेर दिपावली गरियो । नेपाल आदिवासी जनजाति महासंघमा आवद्ध जातीय संगठन र सम्बन्धन प्राप्त संस्थाहरुको पदाधिकारीको सहभागिता रहेको उक्त कार्यक्रममा महासंघका उपाध्यक्ष इन्दिरा जिमी याक्खाले स्वागत भाषण, महासंघका पूर्व अध्यक्ष पासाङ शेर्पाले धन्यबाद मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको उद्घोषक महासंघका महासचिव आङकाजी शेर्पा किसानले गर्नभएको थियो । ❖



## अनिजको रोल्पा शाखा गठन

रोल्पा जिल्लामा सक्रिय आदिवासी जनजाति पत्रकारहरूको भेलाले नेपाल आदिवासी जनजाति पत्रकार संघ (अनिज), रोल्पा जिल्ला शाखा गठन गरिएको छ । रोल्पाको सदरमुकाम लिवाङमा २०६७ भाद्र ६ गते अनिजको केन्द्रीय सदस्य मनोज घर्तिमगर र नेपाल पत्रकार महासंघ, रोल्पाका अध्यक्ष खेम बुढामगरको विशेष उपस्थितिमा भएको भेलाले मौसम रोक्कामगरको अध्यक्षतामा ९ सदस्यिय जिल्ला शाखा गठन गरेको थियो। उक्त जिल्ला शाखाको उपाध्यक्षमा हर्क घर्तिमगर, सचिवमा अमरजीत पुनमगर, सहसचिवमा खेमराज थापामगर, कोषाध्यक्षमा देवी गुरुङ, सदस्यहरूमा मनिषा श्रेष्ठ, स्मृति रोक्कामगर, विनोद श्रेष्ठ र शान्ति रोक्कामगर सर्वसम्मतिद्वारा चयन गरेको छ। अनिज रोल्पाको सल्लाहकारमा गंगामुक्ति पुनमगर, हिरा बहादुर घर्तिमगर र डिबी घर्तिमगरलाई चयन गरिएको छ । ❖

### आफ्नै सूचना

**न्यूज लेटरमा प्रकाशनका लागि महासंघसँग आवद्ध जातीय संगठनहरू, सम्बन्धन प्राप्त संगठन, जिल्ला समन्वय परिषद्को कार्यक्रमहरूको जानकारी नेपाल आदिवासी जनजाती महासंघको इमेल पठाई दिनु हुन अनुरोध गर्दछौं ।**

## विश्व आदिवासी दिवस २०६७ को विभिन्न कार्यक्रमको झलक



गुल्मीको सांस्कृतिक कार्यक्रम



लमजुङ जिल्लामा निकालिएको र्‍याली



कन्चनपुर जिल्लामा निकालिएको र्‍याली



हङकङमा सम्पन्न साँस्कृतिक कार्यक्रम



लमजुङमा सम्पन्न तातो बहस कार्यक्रम



दोलखा जिल्लामा निकालिएको र्‍याली

# न्यायिक क्षेत्रमा आदिवासी जनजातिको पहुँचसम्बन्धी गोष्ठी सम्पन्न

आदिवासी जनजाति कानुन व्यवसायिक परिषद् (अलकोन)को आयोजनामा विश्व आदिवासी दिवस २०६७ को अवसरमा २०६७ साउन १६ गते काठमाडौंको प्रज्ञा भवनमा **न्यायिक क्षेत्रमा आदिवासी जनजातिको पहुँच** सम्बन्धी गोष्ठी सम्पन्न भयो । संविधानसभाका सभाध्यक्ष सम्माननीय सुवासचन्द्र नेम्वाङज्यूको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अन्य अतिथिहरुमा डा. चैत्यन्य सुब्बा, नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष नोर्भु घले बुद्ध, महासचिव आङकाजी शेर्पा किसान, अनिजका अध्यक्ष मोहनसिंह लामा, आदिवासी जनजाति महिला महासंघका अध्यक्ष चन्द्रकला गुरुङ, महासचिव सोनी लामा, अधिवक्ता ईन्द्र लामा र नेपाल बारका प्रतिनिधि लगायतका हुनुहुन्थ्यो । सो कार्यक्रमको उद्घाटन शत्रको सभापतित्व अलकोनमा अध्यक्ष अधिवक्ता रामबहादुर



थापामगरले र उद्घोषण संस्थाको महासचिव अधिवक्ता कुन्साङ लामा योञ्जनले गर्नुभएको थियो ।

प्रथम शत्रको उद्घाटन कार्यक्रमपछि संस्थाको महासचिव अधिवक्ता कुन्साङ लामा योञ्जनले **न्यायिक क्षेत्रमा आदिवासी जनजातिको पहुँच** सन्दर्भमा कार्यपत्र प्रस्तुत गर्नु गर्नु भएको थियो भने उक्त कार्यपत्रमा माथी सहभागिहरुले टिप्पणी गरेका थिए । ❖

## संघीयतामा स्वायत्तता, अग्राधिकार र आत्मनिर्णयको अधिकार विषयक विचार गोष्ठी सम्पन्न

नेपाल मगर संघको आयोजनामा विश्व आदिवासी दिवसको अवसरमा २०६७ साउन २५ गते प्रज्ञाभवन कमलादीमा संघीयतामा स्वायत्तता, अग्राधिकार र आत्मनिर्णयको अधिकार विषयक विचार गोष्ठी सम्पन्न भयो । संविधानसभाका सभाध्यक्ष सम्माननीय सुवासचन्द्र नेम्वाङज्यूको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा अन्य अतिथिहरूमा नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष राजकुमार लेखि थारु, महासचिव आङकाजी शेर्पा किसान, मा. गोविन्दराम चेपाङ, आ.ज. महिला महासंघका अध्यक्ष चन्द्रकला गुरुङ लगायत आदिवासी जनजाति व्यक्तित्वहरू हुनुहुन्थ्यो ।

महासंघका पूर्व महा-सचिव बालकृष्ण माबुहाङ र अधिवक्ता रामबहादुर थापाले आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो कार्यक्रम नेपाल मगर संघका अध्यक्ष झक बहादुर थापामगरको अध्यक्षतामा भएको थियो । ❖

## आदिवासी जनजातिको हितमा पार्टीको ह्वीप क्रस गरिने : शेरचन

आदिवासी जनजातिको हितमा कुनै पनि कार्य गर्नु पर्दा पार्टीको ह्वीप क्रस गरेर जान सक्नु पर्ने पूर्व उपप्रधानमन्त्री एव एकिकृत माओवादीका नेता अमिक शेरचनले बताउनु भएको छ । आदिवासी जनजाति पत्रकार संघ (अनिज) को १२ औं स्थापना दिवसको अवसरमा २०६७ साउन २३ गते बुटवलमा आयोजित "संविधान निर्माणमा आदिवासी जनजातिको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै नेता शेरचनले समता मुलक ढंगले हरेक क्षेत्रलाई समेट्ने गरि संविधान निर्माण गर्नु पर्नेमा जोड दिनु भयो । सोही कार्यक्रममा बोल्दै रुपन्देहीका जिल्ला न्यायधिश चन्द्र बहादुर सारुले कानुन बन्दैमा जनजातिका हक अधिकार सुनिश्चित नहुने भन्दै कार्यान्वयन पक्ष महत्वपूर्ण हुनु पर्ने बताउनु भयो । उहाँले सचेतना र सशक्तिकरण पक्षमा लाग्यौं भने आदिवासी जनजाति माथि उठ्न सक्ने जिकिर गर्नु भयो ।

नेपाल आदिवासी जनजाति पत्रकार संघ (अनिज) रुपन्देही अध्यक्ष भिम गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा एकिकृत माओवादीका हकि कुल्ला खाँ, एमालेका शिव सुवेदी, जनजाति महासंघका होम गलामी, मगर महिला संघका केन्द्रिय सदस्य मीना थापा, वरिष्ठ समाजसेवी मनवीर गर्बुजा, नेपाली कांग्रेसका खेल राज पाण्डे, राष्ट्रिय जनमुक्ति पार्टीका दल बहादुर विरकट्टा, एकिकृतका डाचाराज वाग्ले, नेकपा संयुक्तका कृष्ण मोक्तान, राष्ट्रिय जनमोर्चाका पदम श्रेष्ठ, पुर्व नगर प्रमुख भोजप्रसाद श्रेष्ठ लगायतले बोल्नु भएको थियो । अनिजका सदस्य सपना गुरुङको स्वागत र सचिव टेक मास्की रानाको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो । ❖

**(समाचार श्रोत: भिम गुरुङ, बुटवल)**

## महासंघद्वारा प्रहरी हस्तक्षेप र दमन विरुद्ध विरोध कार्यक्रम

नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद सचिवालयले विश्व आदिवासी दिवस २०६७ र एक महिने अधिकारमुखी आन्दोलनको प्रचारप्रसारको क्रममा २०६७ साउन १० गते काठमाडौंको रिङरोड एरियामा कोणसभा सकेर रत्नपार्कमा कोणसभा गर्न जाँदैगर्दा न्युरोडगेट नजिक माथीको आदेश बताउदै जनसेवाका प्रहरी टोलीले महासंघको उपाध्यक्ष इन्दिरा जिमी याक्खा, महासचिव आङकाजी शेर्पा किसान, सचिव यशोकान्ति भट्टचन लगायतका प्रसारप्रसार टोलीलाई कोणसभाको लागि प्रयोग गरिएको मिनिटाटासहित कब्जामा लिएको थियो । आन्तरिम सविधानमा आम नागरिकले स्वतन्त्रपूर्वक आफ्नो कुरा अभिव्यक्त




गर्न पाउने अधिकारको उपहास हुनेगरी प्रहरीले गरेको हस्तक्षेप र दमन गरेको विरोधमा २०६७ साउन ११ गते न्यूरोड पिपलबोट नजिक भुगोलपार्कमा एक विरोध कार्यक्रम सम्पन्न भयो । उक्त विरोध कार्यक्रममा प्रहरी दमन र हस्तक्षेपको बारेमा महासंघका महासचिव आङकाजी शेर्पा किसान र नेपाल शेर्पा संघका उपाध्यक्षले विरोधप्रति एक्यबद्धता मन्तव्य दिनु भएको थियो । उक्त विरोध कार्यक्रम समापनपछि नारा जुलुस सहित सहभागिहरू न्यूरोड क्षेत्र परिक्रमागरी जनसेवा प्रहरी कार्यालयअगाडी केहीबेर धर्ना बसेको थियो । महासंघका कोषाध्यक्ष डण्डु शेर्पाले उद्घोषण गरेको सो कार्यक्रममा महासंघका उपाध्यक्षद्वय मा.टासी ल्हाङमो गुरुङसेनी, इन्दिरा जिमी याक्खा र सचिवहरू यशोकान्ति भट्टचन, बिमला सुनुवार, कुमार तामाङ ब्लोन लगायत जातीय र सम्बन्धन प्राप्त संस्थाहरूको पदाधिकारीहरूको सहभागिता रहेको थियो । ❖



# संविधानमा सुनिश्चित हुनुपर्ने आदिवासी जनजातिका अधिकारहरू, ककस, जातीय संगठनको भूमिका र महासंघको रणनीति बिषयक गोष्ठी सम्पन्न

नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद सचिवालयले आयोजनामा विश्व आदिवासी दिवस २०६७ को अवसरमा २०६७ साउन १८ गते प्रज्ञाभवन कमलादीमा "संविधानमा सुनिश्चित हुनुपर्ने आदिवासी जनजातिका अधिकारहरू, ककस, जातीय संगठनको भूमिका र महासंघको रणनीति" बिषयक गोष्ठी सम्पन्न भयो । महासंघका अध्यक्ष राजकुमार लेखी थारुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको उद्घोषण महासचिव आङकाजी शेर्पा किसानले र स्वागत भाषण सचिव कुमार तामाङ ब्लोनले गर्नुभएको थियो । उक्त कार्यक्रमको प्रमूख अतिथिमा आदिवासी जनजाति सभासद ककसका अध्यक्ष मा. पृथ्वी सुब्बा गुरुङ र अन्य अतिथिहरूमा ककसका सचिव तथा निवर्तमान अध्यक्ष मा. पासाङ शेर्पा, महासंघका पूर्व महासचिवद्वय परशुराम तामाङ, डा. ओम गुरुङ र राष्ट्रिय आदिवासी जनजाति महासंघका अध्यक्ष चन्द्रकला गुरुङ हुनुहुन्थ्यो ।

सो गोष्ठीमा किराँत याक्थुम चुम्लुङको महासचिव योगराज वनेम लिम्बुले लिम्बुवान स्वायत्त प्रदेश र संविधानमा सुनिश्चित हुनुपर्ने आदिवासी जनजातिका अधिकारहरू सन्दर्भमा, नेपाल तामाङ घेदुङका महासचिव कुमार योञ्जन तामाङले ताम्सालीङ स्वायत्त प्रदेश र संविधानमा सुनिश्चित हुनुपर्ने आदिवासी जनजातिका अधिकारहरू सन्दर्भमा, थारु कल्याणकारी सभाका सल्लाहकार टिकाराम चौधरीले थारुहट स्वायत्त प्रदेश र संविधानमा सुनिश्चित हुनुपर्ने आदिवासी जनजातिका अधिकारहरू सन्दर्भमा र तमु ह्युल छोज धींका संरक्षक सदस्य नारायण गुरुङले तमुवान स्वायत्त प्रदेश र संविधानमा सुनिश्चित हुनुपर्ने आदिवासी जनजातिका अधिकारहरू सन्दर्भमा आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त गोष्ठीका प्रमुख अतिथि मा. पृथ्वी सुब्बा गुरुङले प्रमूख अतिथिको मन्तव्यका साथै अन्य अतिथिहरू महासंघका पूर्व महासचिवद्वय परशुराम तामाङ, डा. ओम गुरुङ र राष्ट्रिय आदिवासी जनजाति महासंघका अध्यक्ष चन्द्रकला गुरुङले कार्यपत्र माथी टिप्पणी मन्तव्य राख्नु भएको थियो । नेपाल आदिवासी जनजाति महासंघसँग आवद्ध जातीय संगठन र सम्बन्धन प्राप्त संस्थाहरूको पदाधिकारीहरू सहभागि रहेको सो गोष्ठीको अन्तमा गोष्ठीबाट प्राप्त सुझावहरूलाई आत्मसाथगर्दै अगाडी बढ्ने कुरा कार्यक्रमका सभापति तथा महासंघका अध्यक्ष राजकुमार लेखी थारुले बताउनु भयो । ❖

## अनिजले स्थापना दिवस मनायो




नेपाल आदिवासी जनजाति पत्रकार संघ (अनिज) ले २०६७ साउन २३ गते काठमाडौंमा विहान प्रभात फेरी र दिउँसो जलपान कार्यक्रम गरेर आफ्नो १२ औं स्थापना दिवस तथा विश्व आदिवासी दिवस २०६७ मनायो । भृकुटीमण्डपबाट शुरु भएको प्रभातफेरी नगरको बिभिन्न भाग परिक्रमा गरेर सोही स्थानमा आएर समापन र दिउँसो प्रज्ञाभवनमा चियापान कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा आदिवासी जनजाति पत्रकार संघका अध्यक्ष मोहन सिंह लामा, नेपाल आदिवासी जनजाति महासंघको अध्यक्ष राज कुमार लेखी थारु, महासचिव आङकाजी शेर्पा किसान, पूर्व अध्यक्ष मा. पासाङ शेर्पा, मा. सीता गुरुङ लगायत आदिवासी जनजाति संघसंस्थाका व्यक्ति व्यक्तित्वहरूको सहभागिता रहेको थियो । ❖

# बुटवलमा आदिवासी दिवस २०६७ सम्पन्न

## जातीय मुक्ति नभई वर्गीय मुक्ति हुन नसक्ने : सभासद् चौधरी

विश्व आदिवासी दिवसको अवसरमा साउन २४ श्रावण गते बुटवलमा आयोजित कार्यक्रममा वक्ताहरूले आदिवासी जनजातिको मुद्दामा राज्य गम्भिर नभएको आरोप लगाएका छन् । वक्ताहरूले दलहरू एकजुट भएमा आदिवासी जनजाति, अल्पसख्यकको अधिकार सुनिश्चित हुने बताए । आदिवासी दिवसलाई अधिकार माग्ने अभियानको रुपमा मनाउनु पर्दा दुःख लागेको बताउनु हुदैं वक्ताहरूले आदिवासी जनजाति सभासद्हरू जनजातिका मुद्दामा एकजुट हुन नसकेको आरोप लगाए । भाषा, लिपी, संस्कृति, धर्म जोगाउनको लागि राज्यले उचित पहल नगरेको उनीहरूको गुनासो थियो । त्यस्तै वक्ताहरूले आदिवासी जनजातिहरू सामाजिक संगै राजनीतिक रुपमा संगठित हुनुपर्ने वेला आएको बताए । अधिकार सुनिश्चित गर्नको लागि आन्दोलनको स्वरुप परिवर्तन गर्न आवश्यक रहेको नेतृत्वलाई वक्ताहरूले सुझाव दिए ।

कार्यक्रममा सभासद् शान्ता चौधरीले ठुला दलहरू कुर्चीको खिचातानीमा लागेकोले दुई वर्षमा संविधान बन्न नसकेको बताउनु भयो । आदिवासी जनजाति, गरिव, निमुखाको अधिकार संविधानमा सुनिश्चित गर्नको लागि स्थानीय तहबाट निर्णायक आन्दोलन गर्नुको विकल्प नरहेको बताउनु भयो । आन्दोलन विना सरकारले नसुन्ने हुदा शान्तिपुर्ण आन्दोलन गर्न जनजाति अगुवालाई सुझाव दिनुभयो । सभासद् चौधरीले जातीय मुक्ति नभई वर्गीय मुक्ति हुन नसक्ने ठोकुवा गर्नुभयो । त्यसैले वर्गिय मुद्दालाई पनि जातिय मुद्दामा गाँसेर लाग्नुपर्ने बताउनु भयो ।

नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद् रुपन्देहीका अध्यक्ष होम बहादुर गलामीको अध्यक्षतामा भएको कार्यक्रममा भोज प्रसाद श्रेष्ठ, मिना थापा, जि.एस.तमु, मनवीर गर्वुजा, जागेश्वरी चौधरी, नर्वु लामा, शिव प्रसाद शेरचन, लिला बहादुर तमु, मिना कुमारी थापा लगायतले आ-आफ्ना धारणा राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन अनिजका सदस्य सपना तमुले गरेका थिए ।

सो अवसरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने दुई दर्जन बढीलाई सम्मान पत्र र कदर पत्रले सम्मानित गरिएको थियो भने कार्यक्रम शुरुहुनु अगाडी बुटवल नगरका विभिन्न स्थानहरूमा जनजातिहरूको बाजा गाजा तथा अधिकार सम्बन्धि बिभिन्न प्लेकार्ड सहितको झाँकी ऱ्याली निकालेको थियो । ❖

**(समाचार श्रोत: भिम गुरुङ, बुटवल)**




# बन्दको दिन भएको धरपकड विरुद्ध पुतला दहन

नेपाल आदिवासी जनजाति महासंघको आव्हानमा भएको एक महिने अधिकारमुखी आन्दोलनको अन्तर्गत २०६७ साउन ३० गते देशव्यापी चक्काजाम र यातायात बन्द कार्यक्रमलाई सफल बनाउने बिहान ५ बजेदेखि नै स्वतस्फूर्त सडकमा उत्रेका आदिवासी जनजाति नेता तथा कार्यकर्ताहरूलाई गृहमन्त्रीको आदेशमा प्रहरीद्वारा देशभरी नै धरपकडका साथै गिरफ्तार गरी हिरासतमा लिएको थियो ।



देशव्यापी चक्काजाम र यातायात बन्दको बेला भएको धरपकड र गिरफ्तारको विरुद्धमा नेपाल आदिवासी जनजाति महासंघले २०६७ भाद्र २ गते संविधानसभा भवन अगाडी बानेश्वरमा गृहमन्त्रीको पुतला दहन गरियो । गृहमन्त्रीको पुतला दहनको क्रममा नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष राजकुमार लेखी थारु, किराँत राई यायोक्खाका अध्यक्ष चत्तुरभक्त राई, विद्यार्थी महासंघको अध्यक्ष नविन वनेम लिम्बु लगायतका वक्ताहरूले धरपकड र गिरफ्तारको घोर विरोध र निन्दा गरेको थियो ।

उक्त धरपकड र गिरफ्तारको क्रममा काठमाडौंको बौद्ध, बालाजु, कंलकी, कोटेश्वर, बानेश्वर, ललितपुरको सातदोबाटो, मोरङ, चितवन लगायत देश भरिबाट १००० भन्दा बढीलाई गिरफ्तार गरेको थियो । ❖

# कोणसभा र प्रसारप्रसार सामाग्री वितरण

विश्व आदिवासी दिवस २०६७ र एक महिने अधिकारमुखी आन्दोलनको प्रचारप्रसारको क्रममा २०६७ साउन ८ र ९ गते काठमाडौंको रिङरोड एरिया, ललितपुर र भक्तपुरमा शुभकामना, निमन्त्रणा, पोष्टर तथा अपिल वितरण गरियो । र उक्त कार्यक्रमका थप प्रचारप्रसारको लागि २०६७ साउन १० गते काठमाडौंको रिङरोड एरिया लगायत रत्नपार्क साथै ११ गते नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघको संयोजनमा काठमाण्डौका सरस्वती, आर.आर., पद्यकन्या लगायतका क्याम्पसमाहरूमा कोणसभा गरियो । शुभकामना, निमन्त्रणा, पोष्टर तथा अपिल वितरण कार्यक्रममा महासंघका अध्यक्ष राजकुमार लेखी थारु लगायत अन्य पद्दाधिकारीहरू, जातीय संगठनका पद्दाधिकारीहरू र सम्बन्धन प्राप्त संगठनका पद्दाधिकारीहरू सम्मिलित थियो । विद्यार्थी महासंघको संयोजनमा काठमाण्डौका सरस्वती, आर.आर., पद्यकन्या लगायतका क्याम्पसहरूमा भएको कोणसभामा महासंघका महासचिव आङकाजी शेर्पा किसानको विशेष उपस्थिति रहेको थियो । ❖



# समावेशी शिक्षा, आन्दोलन र हाम्रो भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न

नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघले विश्व आदिवासी दिवस २०६७ को अवसरमा २०६७ साउन २० गते "समावेशी शिक्षा, आन्दोलन र हाम्रो भूमिका" विषयक अन्तर्क्रिया कार्यक्रम प्रज्ञा भवन, कमलादीमा सम्पन्न भयो । विद्यार्थी महासंघको अध्यक्ष नविन वनेम लिम्बुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमूख अतिथि नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष राजकुमार लेखी थारु र अन्य अतिथिहरूमा महासंघका उपाध्यक्ष ज्ञान बहादुर वोटे, सचिव कुमार तामाङ ब्लोन, पूर्व महासचिव बालकृष्ण मावुहाङ, कार्यपत्र प्रस्तोताद्वय अमृत योञ्जन र अमर तुम्याहाङ, शिक्षा मन्त्रालयको सहसचिवद्धय नकुल बाँनिया र लवदेव अवस्थि, त्रि.त्रि.वि.का प्रा.डा. विद्यानाथ कोईराला, नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघका पूर्व अध्यक्ष विजयसिंह लोप्चन, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघका अध्यक्ष चन्द्रकला गुरुङ, आदिवासी जनजाति महिला संञ्जालका अध्यक्ष मा. लक्की शेर्पा, अनिजका महासचिव डण्ड गुरुङ, नेपाल आदिवासी जनजाति युवा महासंघका उपाध्यक्ष भरत श्रेष्ठ, अनेरास्ववीयू (पाँचौ) का अध्यक्ष भाष्कर काफ्ले र तराई मधेश विद्यार्थी फ्रन्टका अध्यक्ष सुरेश मण्डल लगायत जातीय संगठनका अध्यक्षहरू हुनुहुन्थ्यो । सो अन्तर्क्रिया कार्यक्रमको उद्घाटन शत्रपछि कार्यपत्र प्रस्तोताद्धय अमृत योञ्जन र अमर तुम्याहाङले समावेशी शिक्षा र हाम्रो भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो र प्रस्तुत कार्यपत्रमाथी शिक्षा मन्त्रालयको सहसचिवद्धय नकुल बाँनिया र लवदेव अवस्थिका साथै त्रि.त्रि.वि.का प्रा.डा. विद्यानाथ कोईरालाले टिप्पणी मन्तव्य राख्नु भएको थियो । विद्यार्थी महासंघका उपाध्यक्ष देविका राईले स्वागत भाषण र कार्यक्रमको उद्घोषण संस्थाको महासचिव मीनराज चौधरीले गर्नु भएको थियो । ❖

## आदिवासी जनजाति कला संस्कृतिको वर्तमान अवस्था र भावि कार्यदिशासम्बन्धी गोष्ठी

आदिवासी जनजाति कला संस्कृति सञ्जालको आयोजनामा विश्व आदिवासी दिवस २०६७ को अवसरमा २०६७ साउन १७ गते काठमाडौंको प्रज्ञा भवनमा "**आदिवासी जनजाति कला संस्कृतिको वर्तमान अवस्था र भावि कार्यदिशा**" सम्बन्धी गोष्ठी सम्पन्न भयो । आदिवासी जनजाति कला संस्कृति सञ्जालको अध्यक्ष युवराज लामाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि नेपाल आदिवासी जनजाति महासंघका महासचिव आङकाजी शेर्पा किसान साथै अतिथिहरूका राष्ट्रिय जनसांस्कृतिक महासंघका अध्यक्ष विजय सुब्बा, अखिल नेपाल राष्ट्रिय जनसांस्कृतिक महासंघका अध्यक्ष माईला लामा र संगीत नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव तिर्थ श्रेष्ठ




हुनुहुन्थ्यो । उक्त गोष्ठीमा संस्थाको महासचिव डा. राजन राईले **आदिवासी जनजाति कला संस्कृतिको वर्तमान अवस्था र भावि कार्यदिशाको** सन्दर्भमा र संस्थाको सचिव दीपेन्द्र लामाले **आदिवासी जनजातिको आन्दोलनमा कलाको भूमिका**को सन्दर्भमा आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । संस्थाका उपाध्यक्ष शान्तिराम राईले उद्घोषण गरेको सो कार्यक्रममा प्रस्तुत दुवै कार्यपत्र माथि संस्कृति र कला क्षेत्रमा लागेका व्यक्तित्वहरूले टिप्पणी गरेका थिए । ❖

## चुम्लुङ, लिम्बुवान र आदिवासी आन्दोलनबारे छलफल



चुम्लुङको २२ औं स्थापना दिवसको अवसरमा 'किरात याक्थुङ चुम्लुङ, लिम्बुवान आन्दोलन र आदिवासी जनजाति आन्दोलन' विषयक एक दिवसीय छलफल कार्यक्रम भाद्र १५ मा चुम्लुङहिम ललितपुरमा सम्पन्न भयो ।

किरात याक्थुङ चुम्लुङ केन्द्रीय कार्य समितिको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा लिम्बुवान र आदिवासी जनजातिको सवालमा आन्दोलनरत् विभिन्न राजनीतिक तथा सामाजिक संघ-संगठन र स्वतन्त्र बुद्धिजीवीहरूको सहभागिता रहेको थियो ।

छलफल कार्यक्रममा विचार राख्ने धैरै वक्ताहरूले संविधान लेखन, संघीयता, जातीय स्वायत्ता र धर्मनिरपेक्षताका लागि लिम्बुवान र आदिवासी जनजाति आन्दोलन अझ एकिकृतभई थप सशक्तताका साथ उठ्नु र उठाउनु पर्ने कुरामा जोड दिए ।

चुम्लुङका अध्यक्ष अर्जुन नुगो लिम्बूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा महासचिव योगराज वनेमले प्रारम्भिक अवधारणाका साथ लिम्बुवान र आदिवासी जनजाति आन्दोलन बारे छलफलको आधारपत्र प्रस्तुत गरेका थिए भने कार्यक्रमको सञ्चालन सचिव लीला सिङ्गकद्वारा गरिएको थियो । ❖

## आदिवासी जनजाति पहिचान र विश्व आदिवासी दिवस विषयक गोष्ठी सम्पन्न

आदिवासी तथा जनजाति गैरसरकारी संस्था महासंघको आयोजनामा विश्व आदिवासी दिवसको अवसरमा २०६७ साउन २२ गते प्रज्ञाभवन कमलादीमा **आदिवासी जनजाति पहिचान र विश्व आदिवासी दिवस** विषयक गोष्ठी सम्पन्न भयो । उक्त महासंघका अध्यक्ष वाई. बी. कुलुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासचिव अर्जन लामाले उद्घोषण गर्नु भएको थियो । नेपाल आदिवासी जनजाति




महासंघका अध्यक्ष राजकुमार लेखी थारुको प्रमूख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा अन्य अतिथिहरु नेपाल तामाङ घेदुङका अध्यक्ष धनप्रसाद तामाङ, राष्ट्रिय आदिवासी जनजाति महासंघका अध्यक्ष चन्द्रकला गुरुङ, महासचिव सोनी लामा, अनिजका अध्यक्ष मोहनसिंह लामा, तमु ह्युल छोज धीं गुरुङ राष्ट्रिय परिषदका महासचिव रेशम तमु लगायत हुनुहुन्थ्यो ।❖

## प्रस्तावित संघीय राज्य र राज्य पुन:संरचना आयोग गठनको औचित्य विषयक अन्तर्क्रिया कार्यक्रम

नेपाल आदिवासी जनजाति युवा महासंघले विश्व आदिवासी दिवस २०६७ को अवसरमा २०६७ साउन २१ गते "**संविधानसभाको राज्य पुन:संरचना तथा शक्तिको श्रोत बाँडफाँड समितिद्वारा प्रस्तावित संघीय राज्य र राज्य पुन:संरचना आयोग गठनको औचित्य**" विषयक अन्तर्क्रिया कार्यक्रम प्रज्ञा भवन, कमलादीमा सम्पन्न भयो । नेपाल आदिवासी युवा महासंघको अध्यक्ष जगत बहादुर रेश्मीमगरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको प्रमूख मुख्य वक्ताको रुपमा राज्य पुन:संरचना तथा शक्तिको श्रोत बाँडफाँड समितिका सभापति मा. लोकेन्द्र बिष्टमगर हुनुहुन्थ्यो । कार्यक्रममा नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष राजकुमार लेखी थारु लगायत अतिथिहरूले आ-आफ्नो मन्तव्य राखेको उक्त कार्यक्रममा अन्य अतिथिहरूमा महासंघका पूर्व महासचिवद्वय




परशुराम तामाङ र डा. ओम गुरुङ, नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति प्राज्ञ तिलविक्रम नेम्वाङ, अनिजका अध्यक्ष मोहनसिंह लामा, राष्ट्रिय आदिवासी जनजाति महासंघका अध्यक्ष चन्द्रकला गुरुङ, नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघको अध्यक्ष नविन वनेम लिम्बु, आदिवासी तथा गैरसरकारी संस्था महासंघको अध्यक्ष वाई. बी. कुलुङ र नेपाल राष्ट्रिय जातीय संग्रहालयका अध्यक्ष आङवाङ शेर्पा हुनुहुन्थ्यो । सो अन्तर्क्रिया कार्यक्रमको उद्घोषण कार्यक्रमका संयोजक एंव उपाध्यक्ष भरत श्रेष्ठले र स्वागत मन्तव्य सदस्य मिना श्रेष्ठले गर्नु भएको थियो । ❖

### युवाको दोस्रो महाधिवेशन पुसमा

नेपाल आदिवासी जनजाति युवा महासंघको दोस्रो महाधिवेशन पुस २४ र २५ गते काठमाडौंमा हुने भएको छ । २०६७।४।२१ गते बसेको युवा महासंघको पूर्ण बैठकले सो निर्णय गरेको थियो । दोस्रो महाधिवेशन सम्पन्न गर्नका लागि अध्यक्ष जगत बहादुर रेश्मीमगरको संयोजकत्वमा एक आयोजक समिति गठन भएको कुरा सदस्य सचिव भरतकिशोर श्रेष्ठ जानकारी दिनु भयो । राष्ट्रिय महाधिवेशनलाई सफल बनाउनका लागि आर्थिक, प्रतिनीधी व्यवस्था, हल-मञ्च व्यवस्था, प्रचार प्रसार, आवास तथा खाना व्यवस्था उपसमितिहरू पनि गठन गरिएको छ ।

# एक महिने आन्दोलन अन्तर्गत साउन ३० गते देशव्यापी चक्काजाम



देशव्यापी चक्काजामको सफलतापछि काठमाडौंको चवहिलमा गरेको कोणसभाको दृश्य

नेपाल आदिवासी जनजाति महासंघ, संघीय परिषद सचिवालयको आव्हानमा भएको प्रथम चरणको एक महिने अधिकारमुखी आन्दोलनको अन्तिम दिन २०६७ साउन ३० गते देशव्यापी चक्काजाम र यातायात बन्द कार्यक्रम पूर्णरुपमा सफल भएको छ। उक्त दिन राजधानी लगायत देशको सबै भागमा सार्वजनिक तथा निजी सवारी साधन, शिक्षण संस्थाहरु, कलकारखाना तथा बजार बन्द भए। साउन ३० गते देशव्यापी चक्काजाम र यातायात बन्द कार्यक्रमलाई शान्तिरुपमा सफल बनाउन एकाबिहान निस्केका आदिवासी जनजाति नेता तथा कार्यकर्ताहरुलाई सुरक्षा निकायले बिहान ५ बजेदेखि नै धरपकड



फोटो सभारः द हिमालयन टाइम्स, अगष्ट १६, २०१०

गरी आफ्नो नियन्त्रणमा लिएको थियो। सोहीक्रममा बौद्धबाट महासंघका महासचिव आङकाजी शेर्पा किसान र कोषाध्यक्ष डण्डु शेर्पा, चावहिलबाट उपाध्यक्ष नोर्भु घले बुद्ध, सातदोबाटोबाट उपाध्यक्ष ईन्दिरा जिमी याक्खा, किरात राई यायोक्खाका अध्यक्ष चतुभक्त राई, बालाजुबाट सचिव कुमार तामाङ ब्लोन, नेपाल प्रहरीका पूर्व आईजिपी हेम बहादुर गुरुङ, नेपाल तामाङ घेदुङका अध्यक्ष धनप्रसाद तामाङ, तमु ह्युल छोज धी गुरुङ राष्ट्रिय परिषदका महासचिव रेशम तमु र कंलकी चोकबाट नेपाल मगर संघका सचिव गंगा थापामगर लगायत देशभरीबाट १००० भन्दा बढीलाई गिरफ्तार गरेको थियो। देशभरी शान्तिपूर्ण तरिकाबाट बन्द सफल पार्न सडकमा जुटेका आन्दोलनकारीलाई प्रहरीद्वारा बल गर्नक्रममा केही स्थानमा महिला आन्दोलनकारी माथी दुर्व्यवहार गरेको थियो। सोही दिन बन्द कार्यक्रममा भएको प्रहरी दमनको बिरुद्ध साँझ ६ बजे कोणसभा गर्नुका साथै नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष राजकुमार लेखी थारुले आफ्ना हक अधिकार स्थापना गर्नका लागि शान्तिपूर्ण आन्दोलनमा उत्रिएका आदिवासी जनजातिमाथि भएको प्रहरी दमनको विरोध गर्दै प्रेस विज्ञप्ती निकालेको थियो।

(विविध कारणले गर्दा आन्दोलनमा गिरफ्तार भएको सम्पूर्ण नेता तथा कार्यकर्ताको नामावली प्रकाशित गर्न असमर्थ छौं)। ❖



फोटो सभारः द हिमालयन टाइम्स, अगष्ट १६, २०१०

## कुर्सीको खेल बन्द गर ! देशलाई अनिर्णयको बन्दी नबनाउ !!

मुलुकले लामो समयदेखि स्थायी सरकार पाउन सकेको छैन। २०६७ भदौ २२ गतेसम्म सातौं पटक निर्वाचन हुदाँ पनि प्रधानमन्त्री चयन गर्न सकेन। जसले गर्दा दियो शान्ति र संविधान निमार्ण प्रक्रिया धरापमा पर्नाका साथै देशी बिदेशी चलखेल बढेको छ। प्रमूख राजनितीक दलहरू भने पद र कुर्सीलाई प्राथमिकता दिईरहेको छ।

नेपाल आदिवासी जनजाति महासंघले संविधानसभा भवन ३ नं. गेटको अगाडी भाद्र ७, २० र २२ गते कुर्सीको खेल बन्द गर ! समयमा संविधान जारी गर ! देशलाई अनिर्णयको बन्दी नबनाउ !! संविधानमा आदिवासी जनजातिको अधिकार सुनिश्चित गर !! भन्ने उद्घोषका साथ धर्ना कार्यक्रम गरिएको थियो। नेपाल आदिवासी जनजाति महासंघ, जातीय संस्था र सम्बन्धन प्राप्त संगठनहरूका



पदाधिकारीहरू लगायत आदिवासी बुद्धिजीवीहरू सहभागि रहेको धर्ना कार्यक्रममा भाद्र ७ गते प्रधानमन्त्रीको कुर्सीको प्रतिक प्रर्दशन, भाद्र २२ गते ५ वटा असफल कुर्सी सहित ६ वटा कुर्सी प्रर्दशन र भाद्र २२ गते संविधानमा आदिवासी जनजाति, मधेशी, महिला, दलित, अपाङ्ग, मुस्लिम आदिको अधिकार सुनिश्चित गर लेखिएको संविधानको प्रतिक प्रर्दशनमा राखिएको थियो।


नेपाल आदिवासी जनजाति महासंघद्वारा प्रकाशित न्यूज लेटरको लागि

कार्यकारी सम्पादक
कुमार तामाङ ब्लोन (सचिव)

सम्पादक
इन्दिरा जिमी याक्खा (उपाध्यक्ष)
डण्डु शेर्पा (कोषाध्यक्ष)



पत्राचारको लागि ठेगाना

नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषदको सचिवालय, कुसुन्ति
(यातायात कार्यालय नजिक)
फोन नं.: ०१-५००१७५४, पो.ब.नं. ८९७५
ई.पी.सी. १८५१, ललितपुर, नेपाल।
इमेलः nefen@wlink.com.np
info@nefin.org.np
वेबसाइटः www.nefin.org.np